# ८. श्री केदारमान व्यथित

*[संवत् २०३८ सालको 'मदन पुरस्कार' 'नदी किनाराका माझी' भन्ने ग्रन्थका लागि त्यसका रचयिता श्री मोहन कोइरालालाई समर्पण गर्न संवत् २०३८ साल कार्तिक ४ गते रोज ५ का दिन आयोजित समारोहमा श्री केदारमान व्यथितले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क ८३ बाट उद्धृत गरिएको हो।]*

सम्माननीया रानी जगदम्बा र समारोहमा उपस्थित विद्वत्वृन्द !

रचना-कौशलमा वर्चस्वता प्राप्त गरेका रस-सिद्ध रचनाकारहरूलाई अढाई दशकभन्दा बढी समयदेखि वर्षेपिच्छे पुरस्कार प्रदान गरी नेपाली साहित्य-भण्डारलाई अधिकाधिक समृद्ध बनाउन मदन पुरस्कार गुठीले योगदान दिँदै आइरहेको महत्त्वबारे तपाईंहरूका सम्मुख प्रशंसाका केही शब्द व्यक्त गर्न पाउँदा मलाई निकै नै प्रसन्नता प्राप्त भएको छ।

सरस्वतीका वरदपुत्र हाम्रा साहित्यकारहरूलाई पुरस्कृत गर्ने कार्यमा जनस्तरमा पथ-प्रदर्शनको अग्रणी भूमिका प्रस्तुत गरेर मदन पुरस्कार गुठीले आर्जन गरेको यश आफ्नै प्रतिभा-पुरुषहरूको अभिनन्दनमा आफैले अर्पण गर्ने गरेको दीपावलीकै प्रकाशझैं उज्ज्वल छ।

नेपाली साहित्यका विभिन्न विधागत विकासको लागि मदन पुरस्कार गुठीले प्रस्तुत गर्दै आइरहेको प्रोत्साहन र पुरस्कारको आधारभूमि दिन प्रतिदिन झन्-झन् बढी मलिलो हुँदै गैरहेको छ। बढ्दै गैरहेका यसकिसिमका प्रोत्साहनहरूको मल-जलले अधिकाधिक उर्वर हुँदै गैरहेको नेपाली साहित्यको धरातलमा अंकुरित र पल्लवित तथा पुष्पित भएका हाम्रा प्रतिभाहरू निश्चय पनि राष्ट्रकै कीर्तिस्तम्भ हुन्।

पृथ्वीलाई ईश्वरबाट प्राप्त भएको सर्वोत्कृष्ट वरदान नै मनुष्यहरू हुन्। यसैले आजका साहित्यकारहरूले आ-आफ्ना रस-सिद्ध रचनाहरूमा सार्वभौम मानवतावादी युगकै मन्त्रद्रष्टाको रूपमा स्वयम् आ-आफूलाई प्रतिष्ठा प्रदान गर्न सक्नुपरेको छ। वातावरण र भौगोलिक बनोटको पृथकताबाट आकार र रङ्गहरूमा जतिसुकै भिन्नता देखा परे तापनि मानवीय उद्गम-स्रोत एउटै हो भन्ने तथ्यलाई हामीले कहिल्यै पनि बिर्सनुहुँदैन। मेरो विचारमा उपर्युक्त सत्यप्रतिको अनास्थाले गर्दा नै वर्तमान विश्व

झन्झन् बढी आज-कल बौद्धिक विनाशको गर्तमा तीव्रताका साथ खस्न थालेको हो। अत: यस्तो शोचनीय अवस्थामा दिग्भ्रमित विश्वलाई रचनात्मकताको ध्रुवतर्फ उन्मुख हुन प्रेरणा प्रदान गर्ने साहित्यको निर्माण गर्नु नै आजका साहित्यकारहरूको सबैभन्दा ठूलो लेखन-धर्म होऊैं लाग्छ मलाई। अस्तु।

यस वर्षका पुरस्कार विजेता कविवर श्री मोहन कोइरालासँग म विनम्र अनुरोध गर्दछु,– मसमेत यहाँ उपस्थित सबैका तर्फबाट उहाँले प्राप्त गर्नुभएको सफलताप्रति हर्ष-गद्‌गद हुँदै मैले ज्ञापन गरेको हार्दिक बधाईलाई स्वीकार गर्नुहुन।

मलाई आशा मात्र होइन, पूर्ण विश्वास पनि छ पुरस्कृत 'नदी किनाराका माझी' मा कवि कोइरालालाई प्राप्त भएको सिद्धिले नेपाली नूतन काव्य-शैलीको इतिहासमा उहाँलाई केन्द्रीय स्थान प्रदान गर्नेछ।

रस-सिद्ध शब्द-शिल्पी कवि कोइरालालाई पुरस्कृत गरेर पुरस्कारको गरिमालाई सार्थकता प्रदान गर्न मदन पुरस्कार गुठीलाई प्राप्त भएको सफलताको म सराहना गर्दछु।

अन्त्यमा, यस महत्त्वपूर्ण समारोहमा केही शब्द बोल्ने कृपापूर्ण अवसर प्रदान गर्नुभएकोमा मदन पुरस्कार गुठीका संस्थापिका तथा संरक्षिका सम्माननीया रानीसाहिबा जगदम्बा र गुठीका सचिव श्री कमलमणि दीक्षितप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

दातृत्वको अनुकरणीय उदाहरण प्रस्तुत गरी नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेखनीय योगदान प्रस्तुत गर्नुभएकोमा फेरि पनि रानीसाहिबा श्री जगदम्बाको प्रशंसा गर्दछु।

धन्यवाद !

☒ ☒ ☒